CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #५०

२२।४।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## नेपालमा कोभिड - १९ रोकथाम तथा नियन्त्रणका प्रयास र वर्तमान अवस्था

**२०७६ माघ ९ गते**
नेपालमा पहिलो संक्रमण पुष्टि

**२०७६ फागुन १८ गते**
कोभिड १९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति गठन

**२०७६ चैत्र ११ गते**
गते लकडाउनको घोषणा

**२०७६ चैत्र १६ गते**
कोभिड संकट व्यवस्थापन केन्द्रको स्थापना

**३४ वटा** नीतिगत निर्णय

**३५ वटा** प्रयोगशाला

**११६ वटा** ज्वरो क्लिनिक

**२३ वटा** मेडिकल कलेजमा आईसोलेशन वार्ड

जम्मा पिसिआर परीक्षण **४,१२,९५३**

संक्रमण दर **५.२%**

संक्रमित मध्ये मृत्यु दर **0.3%**

स्रोत: https://cutt.ly/4dhBPDJ

## नेपाल अपडेट



महोत्तरीको जलेश्वरमा निषेधाज्ञा लगाए पनि बिहान किनमेलका लागि छुट दिँदा लागेको भिड

तस्बिर: राकेश प्रशाद चौधरी


### परिक्षण

पिसिआर परिक्षण: ३,९८,९०७

पोजेटिभ: २०,७५०

उपचाररत: ५,७३२

मृत्यु : ५७




accountabilitylab NEPAL

# हल्ला र तथ्य



सरकारले यातायातमा जोर बिजोर प्रणाली लागु गर्ने भन्छ । केही ठाउँमा लकडाउन छ, केही ठाउँमा निषेधाज्ञा । के के भन्न खोजेको हो

काठमाण्डौ उपत्यका लगायत कोभिड - १९ को २०० भन्दा बढी सक्रिय संक्रमितको संख्या भएका जिल्लाहरुमा अत्यावश्यक सेवा बाहेकका निजि तथा सार्वजनिक सवारी साधनमा जोर बिजोर नम्बरका आधारमा मात्र सञ्चालन गर्ने भनेको हो । तर, संक्रमणको जोखिम बढेका जिल्ल अथवा क्षेत्रमा भने, कोभिड संकट व्यवस्थापन केन्द्रले प्रशासनको सहयोगमा निर्णय गरी तुरुन्त वा निषेधाज्ञा जारी गर्न सक्दछ । सोही बमोजिम केही ठाउँमा लकडाउन, बन्द तथा निषेधाज्ञा जारी गरिएको हो ।

स्रोत: https://www.moha.gov.np/post/pa-ra-sa-va-ja-niapa-ta-122



कर्णाली प्रदेशमा फेरी लकडाउन हुन्छ भन्ने समाचार आएको छ । के यो साँचो हो ?

२०७७ श्रावण २० गते कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्र बहादुर शाहीले सुर्खेतमा पत्रकार सम्मेलन गर्दै लकडाउनको विषयमा बताउनु भएको हो । यदि कर्णालीमा कुनै एक मात्र लक्षणसहितको कोरोना संक्रमित देखिएको खण्डमा प्रदेश सरकारले प्रदेश भरी लकडाउन गर्ने वताउनुभएको हो । साथै उहाँले सम्पुर्ण कर्णालीवासिलाई कोभिड-१९ बाट सुरक्षित रहन पूर्णरुपमा सुरक्षा मापदण्ड अपनाउन पनि अनुरोध गर्नुभएको छ ।

स्रोत: https://www.facebook.com/watch/?v=3198810536900256



जरुरी काममा काठमाण्डौ बाहिर जानको लागि पास बन्द भएको हो ?

कोभिड-१९ को बढ्दो संक्रमणका कारण भिडभाडले जोखिम बढ्ने भएकोले, मिति २०७७/०४/२१ गते देखी लागु हुने गरी अर्को व्यवस्था नभए सम्मको लागि अघिल्लो दिन निवेदन संकलन गरी भोलि बिहान ८ बजेदेखी मात्र पास वितरण गर्ने भनेको छ । पास आवश्यक हुनेले जिल्ला प्रशासन कार्यालयको गेटमा निवेदन दिई भोलिपल्ट सोही स्थानबाट पास लिन पनि अनुरोध गरेको छ । जिल्ला प्रशासन कार्यालय काठमाण्डौले लामो दुरीको लागि मात्र पास जारी गरिरहेको छ ।

स्रोत: https://daokathmandu.moha.gov.np/public/upload/1402a3666bab255e6a3f07937faf522f/files/suchana1.pdf



निजि क्षेत्रमा काम गर्ने धेरै श्रमिकको रोजगारी गुम्यो भनिन्छ । कति यसको तथ्यांक छ की ? यसरी बेरोजगार भएकाहरुलाई सरकारले कसरी रोजगार दिन्छ ?

नेपाल राष्ट्र बैंकको सर्वेक्षण अनुसार उद्योग तथा व्यवसायहरुले २२.५ प्रतिशत कर्मचारी तथा कामदार कटौती गरेको पाईएको छ । तर यो अन्तिम तथ्यांक भने होईन । सोही सर्वेक्षण अनुसार होटल तथा रेस्टुरेण्ट क्षेत्रले सबै भन्दा धेरै कामदार कटौती गरेको देखिएको छ । यसरी बेरोजगार भएका युवालाई यस अघी नै सरकारले "युवा रोजगारीका लागि रुपान्तरण पहल" आयोजनामा जोड्ने भनिसकेको छ ।

स्रोत: https://www.nrb.org.np/contents/uploads/2020/08/Survey-Report-onCOVID-Impact-Final.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा Nepal लेखेर म्यासेज पठाउनुहोस्




COVID-19 को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| २,८२,८२४ संक्रमित | ६९,४२५ संक्रमित | ४२,५१४ संक्रमित | १,११,८०५ संक्रमित | ६१,६०६ संक्रमित | ८०,२८६ | ९,०२३ संक्रमित | १४,४९९ |
| १७५० नेपाली संक्रमित | १५०० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २०,६०० नेपाली संक्रमित | २००० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | |
| ९ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १६ मृत्यु भएका नेपाली | ३० मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## यस हप्ताका तिन महत्वपूर्ण जानकारी

### नेपाल

विदेशबाट नेपाल फर्कनेहरुले www.ccmc.gov.np मा गएर अनलाईन नै एउटा फारम अनिवार्य रुपमा भर्नु पर्ने हुन्छ । त्यसै गरेर, नेपालबाट विदेश जानेहरुले पनि अनिवार्य रूपमा यही वेवसाईटमा गएर Health Declaration form फारम भर्नुपर्नेछ ।

### कतार

दोहा-काठमाण्डौंका लागि थप ४ ओटा उडानहरु तय भएका छन् । नेपाल एयरलाइन्स: ९ र १० अगष्ट, हिमालय एयरलाइन्स: ८ र ९ अगष्ट । क-कसले टिकट लिन पाउने भन्ने नामको सूचि दुतावासको फेसबुक पेज साथै श्रमिक सञ्जालको फेसबुक पेजबाट पनि थाहा पाउन सकिनेछ ।

### यू.ए.ई.

Indoor र Outdoor ईभेन्टहरूलाई यो बर्षको डिसेम्बर सम्मको लागी बन्द गर्ने भनिएकोमा कोरोना भाईरसको संक्रमण सामान्य बन्दै गएपछी अब छिँ सुरु गर्ने भएको छ । यसै क्रममा अगस्ट ६ बाट Al Ain Zoo पनि खुला भईसकेको छ ।

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब २६ करोड**

**दाता**

ए.डि.बि.
करिब ३० अर्ब ३३ करोड

विश्व बैंक
करिब ३ करोड ४८ लाख

आई.एम.एफ.
करिब १५ अर्ब ८८ करोड

युरोपियन युनियन
करिब ९ अर्ब ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्ब १० करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा


## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |

## आ.व. २०७५/७६ मा बागमती प्रदेशको बेरुजुको अवस्था

जम्मा लेखा परीक्षण भएको रकमको
**२.४६%**

बेरुजु खर्च
रु. ९७,२०,९४,०००




जम्मा लेखा परीक्षण गरिएको रकम
**39.5 BILLION NRS**


जम्मा लेखापरीक्षण गरिएका कार्यालय **१९१**

बेरुजु देखिएका कार्यालय **११४**

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## आर्थिक वर्ष २०७५/७६ मा बागमती प्रदेशको खर्च बेरुजु देखिएका मन्त्रालयको तुलनात्मक अध्ययन




बागमती प्रदेशमा जम्मा ९७ करोड २० लाख खर्च बेरुजु देखिन्छ । जुन उसको जम्मा लेखा परीक्षण भएको रकमको २.४६% हो । जम्मा लेखा परीक्षण गरिएको रकम (३९ अर्ब ५० करोड) मध्ये बेरुजु खर्च अरु प्रदेश भन्दा कम छ । करिब ६०% (१९१ मध्ये ११४) कार्यालयहरुमा खर्च बेरुजु भएको देखिन्छ । बागमती प्रदेशमा ४९% भन्दा बढी बेरुजु पेश्की लिएका कारणले भएको छ । यस प्रदेशमा नियमित गनुपर्ने खर्च (२१.८६%) र प्रमाण कागजात पेश नभएको (२५.२३%) कारणले भएको बेरुजु केही बढी बेरुजु देखिन्छ ।

अन्य प्रदेश जस्तै, भौतिक पूर्वाधार विकास मन्त्रालयमा सबै भन्दा बढी बेरुजु देखिएको छ । त्यसै गरेर, सामाजिक विकास मन्त्रालय र भूमिसुधार, कृषि तथा सहकारी मन्त्रालयमा पनि बढी बेरुजु देखिएको छ । यि मन्त्रालयहरुमा बढी बजेट मात्र छैन, नागरिकका सरोकारसंग सिधै सम्पर्कमा पनि यि मन्त्रालय रहन्छन् । बागमती प्रदेशका विकासका गतिविधिहरु पनि यिनै मन्त्रालय अन्तरगत हुन्छन् । तसर्थ, यहाँ देखिएको बेरुजुका कारण आवश्यक क्षेत्रमा बजेट पुग्न सकेको छैन । त्यसै गरेर, मन्त्रालयहरुले छुट्याएको बजेटबाट भन्दा पनि आकस्मिक खर्च बढी भएको छ । यस्तो खर्चलाई सुरुमै विशेषज्ञता प्रयोग गरी ठुला परियोजनालाई साना बजेटमा तोडिने गरी सार्वजनिक खरिद प्रणलिको कार्यान्वयन गरी राख्न सकिन्थ्यो ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृष्ठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# फ्रन्टलाईनर्स भोईसेस्



## शंकरबाबु अधिकारी

प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, तनहुँ

"तनहुँका १० वटै स्थानिय तहरुमा क्वारेन्टाईनको व्यवस्था गरी विदेशबाट आउनेहरुलाई सुरक्षित तरिकाले राख्ने काम गरियो । कोरोना रोकथामका लागि जिल्ला स्वाथ्य कार्यालयले जिल्ला भरी २६ वटा एम्बुलेन्स र १ हजार सैयाको क्वारेन्टाईन निर्माण गरेको थियो । हाल विद्यालयहरुबाट क्वारेन्टाईन हटाएर सार्वजनिक भवनहरुमा सार्ने र पुराना क्वारेन्टाईन तथा आईसोलेशनह(रुलाई सेनिटाईज गर्ने काम पनि भईरहेको छ । कोरोनाको जोखिम केही कम भएको देखिएपनि सर्वसाधारणको लापरवाहीको कारण स्थिती भयावह हुने त हैन भन्ने त्रास सबै तिर छ ।"

## पवित्रादेवी पौडेल

उप-प्रमुख, जिल्ला समन्वय समिति, तनहुँ

"लकडाउनको बेला जिल्ला समन्वय समितिले स्थानीय तहहरुलाई चलायमान बनाउदै कोरोना विरुद्ध लड्नमा एकजुट बनाउने काम ग¥यो । अशक्त अशाह(ायलाई उद्धार, विदेशबाट आएकाहरुलाई समाजमा पुनर्स्थापना गर्न तनहुँका १० वटै तह कोरोना संक्रमणमा एकजुट भएर काम गरेको सन्देश दिन सफल भएको छन् । तर, १२० दिन भन्दा लामो लकडाउन पछि खुलेको तनहुँका अधिकांश बजारहरु सुरक्षित रुपमा खुलेका छैनन् । त्यसैले सुरक्षा मापदण्ड पालना गर्नु अतिनै महत्वपूर्ण छ । साथसाथै, स्थानीय उत्पादनहरुको प्रयोग गर्दै अर्थतन्त्रलाई चलायमान बनाउदै लैजाउनु पनि उत्तिकै महत्वपूर्ण छ ।"





## पुर्ण सिं थापा

अध्यक्ष, बन्दिपुर गाउँपालिका, तनहुँ

"गाउँपालिकाले पहिलो चरणमा कोरोना प्रभावितलाई खाद्यन्न राहत वितरण ग¥यो । तर, दोस्रो चरणमा प्रधानमन्त्री स्वरोजगार कार्याक्रमसँग समन्वय गरी श्रममा आधारित राहत कार्याक्रम सँचालन ग¥यौं । गाउँपालिकामा ९ किलोमिटर साईकल ल्याण्ड बाटो खन्ने, सडक नाला खल्ने, सडक छेउमा रुख रोप्ने लगायतका काममा ३ सय जनालाई रोजगारी दियौं । जसले गर्दा दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरुलाई राहतको रुपमा काम सहितको रोजगारी दिन सफल भयौं । कोरोनाको कारण व्यवसायमा मन्दी आएपछि, हाल कृषि र पर्यटन व्यवसायलाई संगसंगै लिएर जाने सोचमा गाउँपालिका रहेको छ ।"

# नेपाली अर्थतन्त्रमा कोभिड - १९ को असर

अचानक देखिएको कोभिड - १९ प्रभावले नेपालको स्वास्थ्य क्षेत्र र अर्थतन्त्रमा एकसाथ अनिश्चितताको छायामा धकेल्यो । सरकारले लकडाउनको माध्यमबाट अवस्थालाई सामान्यीकरण गर्न लकडाउक गऱ्यो, तर मालवस्तुको ओसारपसारमा रोक, कारोबार र श्रम बजार ठप्प हुनु, रोजगारीसंगै आयस्रोत गुमाउनुले आर्थिक मन्दीलाई बढावा दियो।

## तिन कुराले नेपाललाई अझै जोखिममा धकेल्छ



१. बाह्रय आमदानीमा अधिक निर्भर: अन्तरराष्ट्रिय यात्रामा प्रतिबन्ध, विश्वव्यापी अनौपचारिक आयमा गिराव र प्रयटक आवागमन ८०% ले संकुचन हुनुका साथै, रेमिट्यान्समा २०% ले गिरावट आउनेछ अपेक्षा गरिएकोछ ।

२. साना तथा मझौला उद्योगहरूमा भारी संकुचन: कुल उद्योगको ९९% हिस्सा ओगट्ने साना तथा मझौला उद्योगहरूको उत्पादन र विक्रिको अनुपात न्यून छ। यो कठिन अवस्थामा उनिहरु माथि उठ्न संघर्ष गरिरहेकाछन्।


३. ठुलो संख्यामा श्रमिकहरू आनौपचारिक क्षेत्रमा काम गर्दछन्: कुल श्रमिक मध्ये ८४% श्रमिक अनौपचारिक क्षेत्रमा का मगर्दछन् । तर, उनिहरु सरकारले ल्याएको सामाजिक सुरक्षाको सुविधा भित्र पर्ने वा नपर्ने सुनिश्चितता अझै छैन।

## जोखिम समुहहरू जस्तै, महिला तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक बढी प्रभावित

स्थायी कामदारलाई श्रम ऐनले संरक्षण गरिरहँदा, लकडाउनको पहिलो हप्तामै साना तथा मझौला उद्योगहरूमा काम गर्ने ६०% श्रमिकको रोजगारी खोसियो ।

महामारीले महिलाहरूलाई बढी प्रभावित गऱ्यो । किन भने उनिहरु बढी जस्तो तुलनात्मक रूपमा आउजाउ गर्न सहज हुने व्यवसाय जस्तै, हस्पिटालिटी र रिटेल व्यवसायमा का मगर्दछन् । त्यसै गरेर, विद्यालयहरु बन्द भएका कारण, घरको जिम्मेवारी थपिएर काम गर्ने महिलाहरूलाई अझै बढी असर गरेको छ ।

## अब के गर्ने ?



सरकार महामारीले ल्याउने तिन आर्थिक बदलावको बारेमा सावधान हुन जरुरी छ ।

१. सिमानाकामा हुने आवतजावतमा कमी: केही देशहरु (अमेरिका, भारत) ले अत्यावस्यकीय वस्तुको आपूर्तीमा रोक ल्याएकाछन् । नेपालले प्रतिकन्धित वैदेसिक लगानिको नीतिलाई फुकुवा गरी सिमापार व्यापार र लगानीलाई प्रोत्साहन गरी त्यसको फाईदा लिन सक्छ ।


२. प्रयटन क्षेत्रमा संकुचन: आउने महिनाहरूमा विश्व प्रयटन सामान्य अवस्थामा फर्किनेसम्भावना छैन । यद्यपी नेपालले सुरक्षित करिडोरको माध्यमबाट कोरोना भाईरसको रोकथाममा योगदान पुऱ्याएका देशको समुहलाई प्रयटक वा अस्थायी आप्रवासीका रुपमा यात्रा गर्न अनुमती दिनसक्छ ।

३. प्रविधिको अनुसरण: महामारीले फुड डेलिभरी, अनलाईन भुक्तनी र एक अर्कासंगको अनलाईन सिकाई जस्ता डिजिटल सेवाको अनुसरण गर्न प्रोत्साहित गरिरहेको छ । यो घरपरिवार, व्यवसाय र सरकारको लागि प्रविधिमा फड्को मार्ने उचित समयको रुपमा देखिएको छ ।

- अभय न्यौपान, अर्थशास्त्री, Institute for Integrated Development Studies (IIDS) -

# अप्रभावकारी महामारी व्यवस्थापन

## लकडाउन हटेपछी दैनिक पिसिआर परीक्षण र संक्रमितको संख्या बढ्यो




माथिको ग्राफले लकडाउन हटेपछी भएको दैनिक पिसिआर परीक्षण र संक्रमितको संख्याको तुलनात्मक अध्ययनलाई देखाउँछ । यो समयमा दैनिक पिसिआर परीक्षण दुईगुणा बढ्यो, जुन सकारात्मक हो । तर, दैनिक संक्रमण पुष्टि हुनेको संख्या तिन गुणाले बढेको छ । यसले नेपालमा लकडाउन खुला भएपछी कोभिड - १९ बाट संक्रमितको संख्या बढेको स्पष्ट संकेत गर्दछ । यसरी हेर्दा सरकार महामारी वयवस्थापनमा चुकेको छ र अब निषेधाज्ञा लगायतका नयाँ रणनीति अगाडी सार्दैछ ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि जुलाई महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219